# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फाल्गुन २८ गते २०३० साल

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकार विद्युत् विभाग अन्तर्गत तौलिहवामा सब–स्टेशन र भवनहरू बनाउनको लागि लुम्बिनी अञ्चल कपिलवस्तु जिल्ला तौलिहवा ठूलो बडगदवा गाउँ पञ्चायत अन्तर्गत निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व ठूलो बडगदवा गाउँ पञ्चायतको १ नं. वडा जानेबाटो, पश्चिम कि.नं. ५१ को बाँकी जग्गा, उत्तर तौलिहवा लुम्बिनीजाने मूल सडक र दक्षिण कि.नं. ४० र ५२ को जग्गा यति ४ किल्लाभित्रको कि. नं. ५१ को जग्गा बिगहा १–१३–१६ मध्ये मालपोत रू. ५०।०५ (पचास रूपैयाँ पाँच पैसा) लाग्ने जग्गा बिगहा १–२–१५ (एक बिगहा दुई कट्ठा पन्ध्र धुरको जग्गा) कित्ता एक – – – – – – – – – – – – – १

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।